अनुसूची २

## आगामी आ.व २०७३/७४ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यका बुँदाहरु

| बुदाँ नं | नीति तथा कार्यक्रमको व्यहोरा | सूचकहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | यस महिनाको प्रगति | हाल सम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२. | कृषितर्फ मुख्य खाद्यबस्तुहरूमा आधारभूतरूपमा दुई वर्षमै आत्मनिर्भर हुनेगरी सरकारले कृषिमा लगानी बढाउने छ र खाद्य सुरक्षा हासिल गर्ने छ । | कृषि विकास रणनीतिले तोके बमोजिम कृषि क्षेत्रमा क्रमशः लगानी बृद्धि भएको हुनेछ । | योजना महाशाखा | सम्पूर्ण निकायहरु | | | |
| | | आ.ब. २०७३/७४ मा धान, मकै, गहुँ बालीको बार्षिक उत्पादन क्रमशः …… मे.टन भएको हुनेछ । | अनुगमन मूल्याङ्कन तथा तथ्याङ्क महाशाखा | कृषि विभाग | | | |
| १५ | कृषि, पर्यटन, उद्योग तथा सेवाक्षेत्रको बिस्तारसँगै पुनर्निर्माण एवं नवनिर्माणमा रोजगारीका अवसरहरू सिर्जना गरिने छ । स्वदेशमा नै रोजगारी र स्वरोजगारीका पर्याप्त अवसर सिर्जना गरी रोजगारीका लागि वैदेशिक श्रम बजारमाथिको निर्भरता क्रमशः घटाउँदै लगिने छ । | बार्षिक … युवाहरु कृषि उद्यममा संलग्न भएका हुनेछन् । | कृषि विभाग | | | | |
| १९. | वित्तीयक्षेत्रको स्थायित्व हासिल गर्दै आर्थिक वृद्धिलाई सघाउ पुग्ने गरी वित्तीयक्षेत्र विकास रणनीति कार्यान्वयनमा ल्याइने छ । **वित्तीय साधन, स्रोतलाई कृषि,** ऊर्जा, पर्यटन र भौतिक पूर्वाधारका क्षेत्रमा परिचालन गरिने छ । | कृषि क्षेत्रमा विभिन्न वित्तिय संस्थाहरुले सुलभ ब्याजदरमा ऋण प्रवाह भएको हुनेछ । | योजना महाशाखा | सम्पूर्ण निकायहरु | | | |
| २६ | कृषिक्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित, सुरक्षित एवं आकर्षक पेसाको रूपमा विकास गरिने छ ।तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको | २१०० कृषि उत्पादन पकेट क्षेत्र, १५० ब्लक, ३० वटा जोन तथा ७ वटा सुपरजोन स्थापना भएको हुनेछ । | प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना | सबै निकायहरु | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्भावना र भौगोलिक एवं पर्यावरणीय स्थिति अनुसार मुलुकका विभिन्न भागहरूलाई विभिन्न खाद्यबस्तु उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ । किसानहरूको सहभागितामै सामाजिक सुरक्षा कोष खडा गरी क्रमशः उनीहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने छ । युवाहरूलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई समेत यसमा आबद्ध गरिने छ । | किसान आयोग तथा किसान सुरक्षा कोषको स्थापना भएको हुनेछ । | नीति तथा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखा | कृषि विभाग | | | |
| | | युवा लक्षित कार्यक्रमबाट ..... युवाहरु लाभान्वित भएका हुनेछन् । | कृषि विभाग | सबै निकायहरु | | | |
| २७ | कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिने छ । मल, बीउ, सिंचाइ, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । कृषि ऋण, बाली तथा पशुपंक्षी बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने व्यवस्था गरिने छ ।यसका लागि निजी क्षेत्रसँगै सहकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ ।कृषि सहकारीको प्रवर्धन गरी साना किसानहरूको आर्थिक सामाजिक सशक्तिकरण गरिने छ । | आ.ब. २०७३/७४ मा ..... पावर टिलर, ...ट्रयाक्टर ...... पानी तान्ने शुन्य शक्ती पम्प..... लगायतका कृषि यन्त्रको वितरण भएको हुने । | कृषि विभाग | सबै कार्यक्रम निर्देशनालयहरु र जि.कृ.वि.का.हरु | | | |
| | | २ लाख ७५ हजार मे.टन रसायनिक मल, १० हजार मे.टन प्राङ्गारिक मल तथा १३ हजार मे.टन उन्नत बीउ बिजन वितरण भएको हुनेछ | विशेष कृषि उत्पादन कार्यक्रम | कृषि विभाग | | | |
| | | ..... वटा यान्त्रीकरण प्रविधि विकास तथा प्रविधि हस्तान्तरण भएको हुनेछ | नेपाल कृषि अनुसन्धान परिषद | कृषि विभाग | | | |
| | | कृषकहरुले बाली बीमा गराउँदा तिर्नुपर्ने बीमा प्रिमियमको अनुदानमा रु. ६ करोड रकम खर्च भएको हुनेछ । | खा.सु. कृ.व्य. प्र. तथा वा. महाशाखा | कृषि विभाग | | | |
| | | सहकारी मार्फत यान्त्रिकरण, अनुदानित मल बीउ तथा बीमा प्रिमियम अनुदानबाट १ लाख भन्दा बढि साना किसानहरु लाभान्वित भएका हुनेछन् | कृषि विभाग | जि.कृ.वि.का.हरु | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | हालै जारी कृषि विकास रणनीति अन्तर्गत मुख्य रणनीति र कार्यक्रमको कार्यान्वयन गर्न आवश्यक कृषि प्राविधिकको सेवा उपलब्ध गराइनेछ ।कृषि अनुदान कार्यसम्पादन र उत्पादकत्वको आधारमा दिइने छ ।साथै कृषि प्रसारसम्बन्धी सूचनाहरू मोबाइल फोनमार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । | एक गा.वि.स. एक कृषि प्राविधिक कार्यक्रम मार्फत १५०० जना कृषि प्राविधिकहरु परिचालित भएका हुनेछन् | कृषि विभाग | क्षे.कृ.नि.हरु र जि.कृ.वि.का.हरु | | | |
| | | एस एम एस मार्फत कृषि सूचना संप्रेसित मोबाईल सेवाग्राहीहरुको संख्या १ लाख पुगेको हुनेछ । | जलबायु प्रकोप समुत्थान निर्माण आयोजना | कृषि सूचना तथा संचार केन्द्र | | | |
| | | कृषि सूचना प्रविधि सम्बन्धी कम्तिमा २ वटा मोबाईल एप्सको विकास तथा प्रवर्द्धन भएको हुनेछ । | कृषि सूचना तथा संचार केन्द्र | कृषि विभाग | | | |
| ४३ | कर्णाली अञ्चल लगायत देशका विकट र दुर्गम क्षेत्रमा खाद्य सुरक्षाका लागि आपूर्ति व्यवस्थालाई थप प्रभावकारी तुल्याइने छ । खडेरीग्रस्त जिल्ला र बस्तीहरूमा थप खाद्यान्न पठाउने काम गरिने छ ।स्थानीय स्तरमा खाद्यान्न उत्पादन वृद्धि तथा खाद्य आनीबानीमा परिवर्तन ल्याउन आहार परिवर्तनसम्बन्धी प्राविधिक र व्यवहारिक अनुशिक्षण कार्यक्रम सञ्चालन गरिने छ । | कर्णाली अञ्चल लगायत देशका विकट र दुर्गमक्षेत्रमा स्थानीय बाली/उत्पादनको प्रवर्द्धनात्मक कार्यक्रम संचालन हुनेछ । | कृषि विभाग | जि.कृ.वि.का.हरु | | | |
| | | स्थानीय बाली तथा परिकार विविधिकरण सम्बन्धी खाद्यआहार सुधार सम्बन्धी जनचेतनामूलक अनुशिक्षण कार्यक्रमहरु संचालन भएको हुनेछ । | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | | | | |
| ९२. | सहकारी संघ-संस्थाहरूलाई कृषिउत्पादन, प्रशोधन र बजारीकरण गर्न, उद्यमशीलता विकास गर्दै औद्योगिक उत्पादन बढाउन, वित्तीय सेवा पु¥याउन र शिक्षा स्वास्थ्य लगायतका सेवाहरूमा सर्वसाधारण जनताको पहुँच बढाउन सहकारी संस्थाहरूलाई उत्प्रेरित गर्दै सहकारिताको मान्यता र आदर्श अनुरूप सञ्चालनको व्यवस्था गरिनेछ । | ५ हजार भन्दा धेरै सहकारी संघसंस्थाहरुसँग साझेदारीमा कृषि उत्पादन प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरु संचालित भएका हुनेछन् । | सबै निकायहरु | सबै निकायहरु | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९६. | युवाहरूको उद्यमशीलता विकास गर्दै उत्पादनसँग जोड्न युवा स्वरोजगार कार्यक्रमलाई बिस्तार गरी प्रति वर्ष ५० हजार युवालाई स्वरोजगार बनाइने छ । युवा स्वरोजगार कार्यक्रम, कृषिको पकेटक्षेत्र विकास कार्यक्रम एवं लघु तथा घरेलु उद्योग कार्यक्रमबीच समन्वय गरी' दश युवा, एक युवा उद्यम कार्यक्रम' आगामी आर्थिक वर्षमा नमूनाको रूपमा सञ्चालन गरिने छ ।युवा वैज्ञानिकलाई प्रोत्साहित गर्न अनुसन्धान वृत्तिको व्यवस्था गरिने छ ।बेरोजगार युवालाई शैक्षिक प्रमाणपत्र धितो राखी परियोजना प्रस्तावको आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गराइने छ । | कृषिका कार्यक्रमहरुबाट बार्षिक ५० हजार युवाहरु लाभान्वित भएका हुनेछन् । | कृषि विभाग र बैदेशिक सहायतामा संचालित आयोजनाहरु | जि.कृ.वि.का.हरु | | | |
| | | आ.ब. २०७३/७४ मा नमुनाको रुपमा २१०० पकेटहरु विकास भई कार्यक्रम संचालन भएको हुनेछ । | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | कृषि विभाग | | | |
| ९७. | विद्यमान श्रम ऐनलाई प्रतिस्थापन गर्न बनेको विधेयक र सामाजिक सुरक्षा विधेयकलाई संसदबाट पारित गरी श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम यसै आर्थिक वर्षबाट प्रारम्भ गरिने छ ।कामदार/कर्मचारीलाई ६० वर्ष उमेर पूरा भएपछि पेन्सनको व्यवस्था मिलाउन विद्यमान सञ्चयकोष तथा उपदानसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने छ ।कृषि लगायत अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिककालागि समेत सामाजिक सुरक्षाको व्यवस्था गरिने छ । | आ.ब. २०७३/७४ देखि किसान सामाजिक सुरक्षा भत्ता वितरण प्रारम्भ भएको हुनेछ। | नीति तथा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखा | कृषि विभाग | | | |